# भीमदत्त नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
कञ्चनपुर
०७ नं. प्रदेश, नेपाल
**(आधारभूत तथा माध्यमिक शिक्षा शाखा)**

पत्र संख्याः ०७४/०७५ मितिः २०७५।०१।१९
चलानी नं ४४७०

श्री नगरपालिकास्थित सम्पूर्ण संस्थागत विद्यालयहरु
कञ्चनपुर।

विषयः निर्देशन सम्बन्धमा।

उपरोक्त विषय सम्बन्धमा शिक्षा ऐन नियमावलीमा व्यवस्था भए बमोजिम विद्यालय संचालन र व्यवस्थापन हुनुपर्ने सो बमोजिम नभएको भन्ने सम्बन्धमा मिति २०७५।०१।१२ गतेका दिन प्रमख जिल्ला अधिकारी श्री कुमार बहादुर खड्का ज्यू को अध्यक्षतामा विद्यार्थी संगठन तथा विभिन्न सरोकारवालाहरुको उपस्थितिमा बसेको बैठकको निर्णय बमोजिम तपसिलका निर्देशनहरु यथाशिघ्र कार्यान्वयन गर्न गराउन हुन जानकारी गरिन्छ। साथै उक्त निर्णयहरु कार्यान्वयन नभएको पाईएमा शिक्षा ऐन नियमावली बमोजिम कारवाही भईजाने व्यहोरा समेत जानकारी गराइन्छ।

तपसिल

१ शिक्षा ऐन नियमावली विपरित अनुमति नलिई विद्यालयमा कुनै तह वा कक्षा संचालनमा रहेको भए ३ दिन भित्र बन्द गरी सो को जानकारी गराउने।

२ विद्यार्थीहरुबाट विभिन्न बहानामा शिक्षा ऐन नियमावली विपरित पुनः भर्ना शुल्क लिएको भए तुरुन्त उक्त शुल्क विद्यार्थीलाई फिर्ता गर्ने।

३ गत शैक्षिक सत्रमा विद्यार्थीहरुबाट लिईएको मासिक शुल्कमा कुनै बहानामा वृद्धि गर्न नपाउने।

४ विद्यालयहरुले ऐन, नियमावली, निर्देशिका विपरित विद्यालयको नाममा झोला कलम जस्ता शैक्षिक सामग्री छापी विक्रि वितरण नगर्ने।

५ प्रत्यैक वर्ष पाठ्यपुस्तकको पब्लिकेशन परिवर्तन नगर्ने।

६ विद्यालयका सवारी साधनहरु मापदण्ड विपरित प्रयोग गर्न नहुने।

शाखा अधिकृत